सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको

हकसम्बन्धी नियमावली, २०६५ को नियम ३

बमोजिम सार्वजनिक गरिएको विवरण

श्रावण — असोज, २०७९ सम्म

सम्पादित क्रियाकलापहरुको विवरण

# राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला
# ललितपुर, नेपाल

## विषयसूची


१. कार्यालयको स्वरुप र प्रकृति

२. कार्यालयको काम, कर्तव्य र अधिकार

३. कार्यालयमा रहने कर्मचारी संख्या

४. कार्यालयबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेवार निकाय (नागरिक बडापत्र)

५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

७. प्रमुखको नाम र पद

८. सूचना अधिकारीको नाम र पद

९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

१०. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

११. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु

१२. कार्यालयको वेभसाइट

१३. कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

१४. कार्यालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रतिवेदन

१५. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर दिइएको विवरण

१६. सूचना प्रकाशन

१७. संगठन संरचना

## १. कार्यालयको स्वरुप र प्रकृति

राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला काठमाडौं उपत्यकाको दक्षिण पूर्वी भू-भाग फुल्चोकी पहाडको काख गोदावरीमा अवस्थित छ। गोदावरी आउने प्रवेशद्वार सातदोबाटोबाट यो कार्यालय करिव १० किलोमिटरको दुरीमा रहेको छ। वोटानिकल सर्भे तथा हर्बेरियमको नामबाट वनस्पति विभाग अन्तर्गत सन् १९६१ मा स्थापना भई संगठनात्मक स्वरुप बदलिदा सन् १९८९ मा राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला नामकरण हुन गएको हो। यो प्रयोगशाला वन तथा वातावरण मन्त्रालय, वनस्पति विभाग अन्तर्गतको केन्द्रिय कार्यालय हो। यो संस्था अन्तर्राष्ट्रिय स्तरमा KATH हर्बेरियमको नामले चिनिन्छ। वानस्पतिक स्रोतको सर्वेक्षण, हर्बेरियम नमुना संकलन तथा पहिचान गरी नेपालमा रहेका सम्पूर्ण वनस्पति प्रजातिहरुको अभिलेखीकरण तथा तथ्याङ्क अध्यावधिक गर्ने प्रमुख उद्देश्यका साथ यसको स्थापना भएको हो। फूल फुल्ने तथा फूल नफुल्ने समेत गरी करिव १,६५,००० हर्बेरियमका नमुनाहरु यहाँ संरक्षण गरी राखिएका छन्। यस कार्यालयबाट प्राप्त सूचनाको आधारमा वानस्पतिक स्रोतको समुचित उपयोग, व्यवस्थापन तथा संरक्षण गर्न मद्दत पुग्दछ। यस संस्थाको उद्देश्य प्राप्तिका लागि विभिन्न ८ वटा प्राविधिक र १ प्रशासनिक शाखा रहेको छ।

## २. कार्यालयको काम, कर्तव्य र अधिकार

- नेपालमा पाईने सम्पूर्ण वनस्पति प्रजातिहरु (फूलफुल्ने, कोणधारी, फूल नफुल्ने) को सर्भेक्षण तथा नमुनाहरु संकलन गरी राष्ट्रिय हर्बेरियममा वैज्ञानिक व्यवस्थापनका साथ संरक्षण गर्ने।
- नेपालका विभिन्न स्थानहरुबाट संकलित हर्बेरियम नमुनाहरुको वैज्ञानिक पहिचान गरी अभिलेखिकरण गर्ने।
- नेपालका फूलफुल्ने (Gymnosperms & Angiosperms) तथा फूल नफुल्ने (Algae, Fungi, Lichens, Bryophytes and Pteridophytes) वनस्पति प्रजातिहरु समावेश बृहत नेपाल फ्लोरा प्रकाशन गर्ने।
- नेपालका वानस्पतिक सम्पदाको अध्ययन अनुसन्धान तथा दीगो सदुपयोगको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हर्बेरियमहरुसंग सहकार्य गर्ने।
- राष्ट्रिय हर्बेरियम तथा वनस्पति प्रयोगशाला (KATH) लाई अन्तर्राष्ट्रिय मापदण्डको हर्बेरियम संग्रहालयको रुपमा स्तरोन्नति गर्न Index Herbariorum का सदस्यहरुसँग सहकार्य गर्ने।
- नेपालबाट पत्ता लागेका वनस्पति प्रजातिहरुको टाइप नमूनाहरुको बिस्तृत अध्ययन, अनुसन्धान तथा संरक्षण गर्दै नविनतम नामाकरण पद्धति अनुसार Update गर्दै लैजाने।
- नेपालका Endemic, Rare, Threatened र आर्थिक महत्व भएका वनस्पति प्रजातिहरुको बिस्तृत अध्ययन अनुसन्धान गरी तथ्याङ्क अध्याविधक गर्नुको साथै दीगो सदुपयोगको लागि सरोकारवालाहरु समन्वय गर्दै कार्यान्वयनको दिशामा अगाडि बढ्ने।

- KATH हर्वेरियममा संरक्षित हर्वेरियम नमूनाहरुको डिजिटाइजेशन गरी भविष्यको लागि Data सुरक्षित राख्ने।
- Digitized हर्वेरियम नमुनाहरुलाई virtual herbarium को रुपमा online database मार्फत स्वदेशी तथा विदेशी अनुसन्धानकर्ता तथा सर्वसाधारणको पहुँचमा पुऱ्याउने।
- नेपालका सम्पूर्ण रुख प्रजातिहरुको पहिचान तथा दीगो उपयोगको लागि जाइलेरियम संग्रहालय (Wood Library) को स्थापना गर्ने।
- जाइलेरियम संग्रहालयमा संरक्षित सम्पूर्ण काठका नमुनाहरुको आन्तरिक संरचनाको अध्ययन तथा काठका विशेषताहरु पहिचान गरी Idintifacation Manual तयार गरी प्रकाशन गर्ने।
- नेपालका वनस्पति प्रजातिहरुको कोषिय संरचना तथा क्रोमोजोमहरुको अध्ययन अनुसन्धान गरी Chromosome Atlas तयार गर्ने।
- वनस्पति प्रजाति बिचको पारस्थितिकिय प्रणालींहरुको अध्ययन गरी एक अर्का प्रजाति बिचको सम्वन्ध तथा फरक-फरक किसिमको जलवायु र भू- धरातलले प्रजातिहरुको उपस्थिति तथा वनावटमा पार्ने प्रभावहरुको अध्ययन गर्ने।
- वातावरणमा आएको ह्रास, जैविक तथा मानविय क्रियाकलापहरुले वनस्पति प्रजातिहरुमा हुने विभिन्न किसिमका संक्रमण, असर तथा प्रकोपहरुको पहिचान गरी रोग निदान तथा संरक्षणका उपायहरु पत्ता लगाउने।
- हर्वेरियम तथा काठका नमुनाहरुको अध्ययन, पहिचान तथा दीगो उपयोगको बारेमा सर्वसाधारण, विद्यार्थी, अनुसन्धानकर्ता, व्यापारी, व्यवस्थापक तथा नीति-निर्माताहरुलाई परामर्श सेवा प्रदान गर्ने।

## ३. कार्यालयमा रहने कर्मचारी संख्या

| सि.नं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यालय प्रमुख | श्री सुभाष खत्री | वरिष्ठ अनुसन्धान अधिकृत | |
| २. | प्रशासन शाखा | श्री शान्ता वस्न्यात | शाखा अधिकृत | |
| ३. | फेनेरोग्याम्स शाखा | श्री हेम राज पौडेल | अनुसन्धान अधिकृत | |
| | | श्री रिता क्षेत्री | अनुसन्धान अधिकृत | |
| | | श्री तिल कुमारी थापा | अनुसन्धान अधिकृत | |
| | | श्री दिवाकर दवाडी | सुपर भाईजर | |
| | | श्री रविन्द्र मगर | असिष्टेन्ट वोटानिष्ट | |
| ४. | क्रिप्टोग्याम्स (एल्गी, फन्जाई र लाइकेन) शाखा | श्री राजेन्द्र आचार्य | अनुसन्धान अधिकृत | |
| | | श्री सजिता ढकाल | अनुसन्धान अधिकृत | |
| ५. | क्रिप्टोग्याम्स (ब्रायोफाइटा र टेरिडोफाइटा) शाखा | श्री धन राज कँडेल | अनुसन्धान अधिकृत | |
| ६. | डिजिटाइजेशन तथा पब्लिसिटी शाखा | श्री यज्ञ राज पनेरु | अनुसन्धान अधिकृत | |
| ७. | जाइलेरियम शाखा | श्री प्रतिक्षा चालिसे | अनुसन्धान अधिकृत | |
| ८. | प्लान्ट इकोलोजी शाखा | श्री अमृत केसी | अनुसन्धान अधिकृत | |
| ९. | साइटोलोजी शाखा | डा. तिर्थ राज पाण्डेय | अनुसन्धान अधिकृत | |
| १०. | प्लान्ट प्रोटेक्सन शाखा | श्री लिलाराम थारु | अनुसन्धान अधिकृत | |
| | | श्री गोपाल कार्की | हे.फि.अ. | |
| ११. | | श्री मदन राज अवस्थी | प्लम्वर | |

४. कार्यालयबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेवार निकाय (नागरिक बडापत्र)

# नागरिक वडापत्र

| सि.नं. | गैरकर राजश्व | इकाई | दररेट |
|---|---|---|---|
| १. | **हर्वेरियम पहिचान** | | |
| | **(क) <u>विद्यार्थीहरुको लागि</u>** | | |
| | स्पेसिज | गोटा | १५।०० |
| | जिनस | गोटा | १०।०० |
| | फेमिली | गोटा | ५।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | गोटा | ५।०० |
| | **(ख) <u>स्वदेशी अनुसन्धानकर्ताको लागि</u>** | | |
| | स्पेसिज | गोटा | २५।०० |
| | जिनस | गोटा | २०।०० |
| | फेमिली | गोटा | ४।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | गोटा | ५।०० |
| | **(ग) <u>शार्क मुलुकका अनुसन्धानकर्ताको लागि</u>** | | |
| | स्पेसिज | गोटा | ४०।०० |
| | जिनस | गोटा | ३०।०० |
| | फेमिली | गोटा | १५।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | गोटा | ५।०० |
| | **(घ) <u>विदेशी अनुसन्धानकर्ताको लागि</u>** | | |
| | स्पेसिज | गोटा | ७५।०० |
| | जिनस | गोटा | ५०।०० |
| | फेमिली | गोटा | २५।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | गोटा | ५।०० |
| | **(ङ) <u>सरकारी संघ संस्थाको लागि</u>** | गोटा | ६०।०० |
| | स्पेसिज | गोटा | ४०।०० |
| | जिनस | गोटा | २०।०० |
| | फेमिली | गोटा | ५।०० |
| | हर्वेरियम ट्रिटमेन्ट | | |

| | | | |
|---|---|---|---|
| | (च) गैह्र सरकारी संघ संस्थाको लागि<br>स्पेसिज<br>जिनस<br>फेमिली<br>हर्बेरियम ट्रिटमेन्ट<br><br>(छ) अर्न्तराष्ट्रिय गैह्र सरकारी संघ संस्थाको लागि<br>स्पेसिज<br>जिनस<br>फेमिली<br>हर्बेरियम ट्रिटमेन्ट<br><br>(छ) व्यक्ति, निजी संघ संस्थाको र व्यापारीका लागि<br>(प्रति नमुना) | गोटा<br>गोटा<br>गोटा<br>गोटा<br><br><br><br>गोटा<br>गोटा<br>गोटा<br>गोटा | ६५।०० <br>४५।००<br>२५।००<br>५।००<br><br><br><br>८०।००<br>५०।००<br>३०।००<br>१०।००<br><br><br>५००।०० |
| २ | सभाकक्ष प्रयोग<br>अडिटोरियम<br>अन्य कक्ष | <br>दिन<br>दिन | <br>७५०।००<br>३००।०० |
| ३ | प्राविधिक सेवा शुल्क प्रयोगशाला सुविधा प्रयोग गरे वापत।<br>माईकोलोजी,<br>साईटोलोजी,<br>एनाटोमी | <br>प्रति दिन प्रति व्यक्ति<br>प्रति दिन प्रति व्यक्ति<br>प्रति नमूना/काठको संरचना तथा बिस्तृत अध्ययन | <br>५००।००<br>५००।००<br>२०००।०० |
| ४ | हर्बेरियम, एनाटोमी, माईकोलोजी, ईकोनोमिक वोटानी (म्युजियम) आदि सम्वन्धि ब्रिफिङ्ग (प्रति पटक)<br>-१० कक्षा सम्मका विद्यार्थी<br>-स्नातक सम्मका विद्याथी<br>-स्नाकोत्तर सम्मका विद्याथी | <br><br>प्रति ग्रुप १० जवान<br>प्रति ग्रुप १० जवान<br>प्रति ग्रुप १० जवान | <br><br>३००।००<br>५००।००<br>८००।०० |
| ५ | म्युजियमको नमूनाको प्रत्यक्ष परिचय गराउने | | १००।०० |

**गुनासो सुन्ने अधिकारीः** कार्यालय प्रमुख

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

दैनिक प्रशासनका चिठीपत्रहरुमा कार्यालय प्रमुखबाट सोझै तोक लगाइन्छ भने विषयवस्तुको गाम्भीर्यता हेरी सम्बन्धित कर्मचारी वा बैठकबाट निर्णय गर्ने गरिन्छ।

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सेवाग्राहीले उल्लेखित सेवा प्राप्त गर्न नसकेमा वा कुनै सुझाव भएमा कार्यालय प्रमुख समक्ष लिखित वा मौखिक उजुरी गर्न सक्नेछन्। साथै कार्यालयको उजुरी पेटिकामा लिखित उजुरी हाल्न सक्नेछन्।

## ७. प्रमुखको नाम र पद

नामः सुभाष खत्री

पदः वरिष्ठ अनुसन्धान अधिकृत, प्रमुख

फोन नं ०१-५१७४३४९

इमेलः subhger99@yahoo.com

## ८. सूचना अधिकारीको नाम र पद

नामः डा. तिर्थ राज पाण्डेय

पदः अनुसन्धान अधिकृत

फोन नं  ०१-५१७४२७७

इमेलः tirtharpandey@gmail.com

## ९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- जडीबुटी एवं गैर काष्ठ वन पैदावार विकास नीति, २०६१
- जैविक सुरक्षा निर्देशिका, २०६२
- सुनाखरी संकलन तथा खेती विकास कार्यविधि निर्देशिका, २०६९
- वनस्पति स्रोत अनुसन्धान कार्यविधि, २०७० (पहिलो संसोधन २०७३)
- राष्ट्रिय वनस्पति पुरस्कार कार्यविधि, २०७२ (पहिलो संसोधन २०७६)
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियमन तथा नियन्त्रण गर्न बनेको एन, २०७४
- जडीबुटी खेती प्रविधि कार्यविधि, २०७५
- जडीबुटी विकासका लागि अनुदान सम्बन्धी कार्यविधि, २०७५
- स्वदेशी शोभनीय वनस्पति अध्ययन अनुसन्धान कार्यविधि, २०७५
- स्व स्थानीय तथा पर स्थानीय वनस्पति संरक्षण कार्यविधि, २०७५
- सिलबन्दी सम्बन्धी कार्यविधी निर्देशिका, २०७५

## १०. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

### खर्च सम्बन्धी विवरणः

| सि.नं. | कार्यक्रमको नाम | चौथो त्रैमासिक बजेट (श्रावण — असोज) (रु. लाखमा) | | चौथो त्रैमासिक खर्च (श्रावण — असोज) (रु. लाखमा) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पूंजीगत | चालु | पूंजीगत | चालु | |
| १. | वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम | ७४८.०० | ८६.६२ | - | १२.७७ | |
| २. | वनस्पति विभाग | ४१.२५ | १७१.४ | १६.१७ | ४१.०७ | |

### अन्य विवरणहरुः

| सि.नं. | आवश्यक विवरण | प्रगति अवस्था | | कैफियत |
|---|---|---|---|---|
| १. | बेरुजु फछ्र्यौट | जम्मा बेरुजु रकम | ७६४७६/२२ | |
| | | हालसम्म फछ्र्यौट रकम | - | |
| २. | राजश्व संकलन | यस महिनाको राजश्व संकलन | ७९७९/- | |
| | | हालसम्मको राजश्व | ३०६२५/- | |
| ३. | सेवाग्राही संख्या | यस महिनाको सेवाग्राही संख्या | - | |
| | | हालसम्मको सेवाग्राही संख्या | १७४ | |
| ४. | बाह्य आगन्तुक संख्या | यस महिनाको बाह्य आगन्तुक संख्या | २३ | |
| | | हाल सम्मको बाह्य आगन्तुक संख्या | २३ | |
| | आन्तरिक आगन्तुक संख्या | यस महिनाको आन्तरिक आगन्तुक संख्या | - | |
| | | हाल सम्मको आन्तरिक आगन्तुक संख्या | १४ | |
| ५. | रोजगारी सृजना (श्रमदिन) | यस महिनाको रोजगारी सृजना | ५०२ | |
| | | हालसम्मको रोजगारी सृजना | १५४६ | |
| ६. | बिरुवा वितरण संख्या | यस महिनाको बिरुवा वितरण (बिक्री) संख्या | १४ | |
| | | हालसम्मको बिरुवा वितरण (बिक्री) संख्या | १७६६ | |
| ७. | बिरुवा उत्पादन संख्या | यस महिनाको बिरुवा उत्पादन संख्या | - | |
| | | हाल सम्मको बिरुवा उत्पादन संख्या | - | |
| ८. | वृक्षारोपण क्षेत्रफल | यस महिनाको वृक्षारोपण क्षेत्रफल | - | |

| | | | | |
|---|---|---|---|---|
| | | हाल सम्मको वृक्षारोपण क्षेत्रफल | - | |
| ९. | संरक्षित जर्मप्लाज्म संख्या | यस महिनाको संरक्षित जर्मप्लाज्म संख्या | - | |
| | | हाल सम्मको संरक्षित जर्मप्लाज्म संख्या | - | |

## ११. अघिल्लो आ.व.मा सञ्चालित कार्यक्रमहरु

आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम तथा खर्च सम्बन्धी विवरण:

| सि.नं. | कार्यक्रमको नाम | वार्षिक बजेट (रु. लाखमा) | | वार्षिक खर्च (रु. लाखमा) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पूंजीगत | चालु | पूंजीगत | चालु | |
| १. | वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम | ३४.३५ | ८३.२८ | ३२.५२ | ८२.०६ | |
| २. | वनस्पति विभाग | ४.५० | १८४.७४ | ४.५० | १६२.९९ | |

## १२. कार्यालयको वेभसाइट

Website: kath.gov.np
Plant database: plantdatabase.kath.gov.np
E-mail: info@kath.gov.np
Facebook page: https://www.facebook.com/nhplgodawari (National Herbarium and Plant Laboratories, Nepal – NHPL)

## १३. कार्यालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

REDD कार्यान्वयन केन्द्र बाट Xylarium सुदृढिकरण का लागि सहयोग प्राप्त भएको।

## १४. कार्यालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरण

- १५५७ वटा हर्वेरियम नमुनाहरुको Press तथा Dry गर्ने कार्य सम्पन्न गरिएको तथा २७१ वटा नमुनाहरुको Labelling तथा Mounting गरिएको, ५६१ वटा हर्वेरियम नमुनाहरुको Repair तथा मर्मत गर्ने कार्य गरिएको।
- ९६८७ हर्वेरियम नमुनाहरुको Digitization कार्य सम्पन्न गरिएको ।
- पूर्वी नेपालको ताप्लेजुङ्ग र पाँचथर जिल्लाको विभिन्न ठाउँबाट ३ वटा म्युजियम नमुनाहरुको संङ्कलन (*Rheum nobile, Rheum acuminatum, Saussurea obovallata)* तथा म्युजियममा रहेका करिब ६०० नमुनाहरुको नियमित स्याहार संभार गरिएको।
- झापा जिल्लाबाट ब्रायोफाइट्सका ३ प्रजातिका ५ वटा नमुनाहरु संकलन गरिएको।
- झापा, मोरङ्ग, पाँचथर र ललितपुरको गोदावरी खोला क्षेत्रबाट उन्यूको ६९ प्रजातिका ८२ नमुनाहरु संकलन गरिएको।
- जुम्ला जिल्लाको विभिन्न स्थान, म्याग्दी जिल्लाको सिंगा तातोपानी र स्याङ्बोचे मुस्ताङ्गबाट एल्गीको १५ वटा नमुनाहरु संकलन गरिएको तथा ४२५ एल्गीका नमुनाहरु नियमित स्याहार संभार गरिएको।
- कास्की जिल्लाको दिपाङ्ग र गुँदे तालबाट १६ वटा लेउका नमुनाहरु संकलन गरी Microphotogaraphy कार्य जारी।
- १९०० च्याउका नमुनाहरुको नियमित स्याहार संभार गरिएको।
- सेडहाउस, ग्रीनहाउस तथा फिल्डमा मौजुदा २,००० विरुवाहरुको स्याहार संभार गरिएको।
- कर्णाली प्रदेशका विभिन्न जिल्लाहरु, कास्की, लम्जुङ्ग र तनहुँ जिल्लाका विभिन्न स्थानहरुबाट ५९ वनस्पति प्रजातिका १२० वटा काठका नमुनाहरु पुस्तकको ढाँचामा तयार गरिएको तथा ६५ वनस्पति प्रजातिका ६८ वटा काठका नमुनाहरु संकलन गरिएको। KATH Xylarium मा रहेका ११५० काठका नमुनाहरुको दैनिक स्याहार संभार तथा Alcohol Treatment गरिएको।
- *Juniperus squamata* को १०८ वटा Permanent Slide तयारी गरिएको।
- मुस्ताङ्ग जिल्लाका विभिन्न स्थानबाट संकलित २० वटा लाइकेनका नमुनाहरु पहिचान गरिएको तथा KATH मा रहेका १४५० लाइकेनका नमुनाहरुको दैनिक स्याहार संभार गरिएको।
- रोल्पा जिल्लाको विभिन्न स्थानबाट संकलन गरिएको झ्याउका १३ नमुनाहरु पहिचान गरिएको।
- नेपालको रैथाने वनस्पतिहरुको संकलन तथा व्यवस्थापन; *Justicia tukuchensis* V.A.W. Graham and *Cicerbita nepalensis* Kitam.
- फ्लोरा अफ नेपाल volume 10 Part 2 मा पर्ने *Zeuxine, Herminium* र *Calanthe* को Manuscript प्राप्त भई Editors द्वारा Editing कार्य गरी पुन Contributor लाई पठाईएको।
- फ्लोरा अफ नेपाल volume 10 Part 2 मा पर्ने *Brachycorythis, Hemipilia* र *Pectelis* को Manuscript contributors बाट प्राप्त भई Editors लाई Editing कार्यको लागि पठाईएको।

- ५ वटा taxa पहिलोचोटी KATH हर्वेरियममा समावेश (New to KATH)
    1. *Podosphera xanthii (Castagne) U. Braun & Shishkoff*
    2. *Cerotelium malvicola (Speg.) Arthur*
    3. *Erisiphe quercicola* S. Takam & U. Braun
    4. *Euoidium longipes* (Noordel. & Loer.) U. Braun & R. T.A. Cook
    5. *Paphiopedilum venustum* (Wall. ex Sims) Pfitzer
- पूर्वी नेपालको ताप्लेजुङ्ग तथा पाँचथर जिल्लामा पर्ने टिम्बुङ्ग पोखरी तथा आसपास क्षेत्रको अध्ययन भ्रमण गरी ५ प्रिमुला प्रजातिको संकलन तथा अध्ययन कार्य गरिएको।
    1. *Primula obliqua* W.W.Smith
    2. *Primula glabra* Klatt
    3. *Primula primulina* (Spreng.) Hara
    4. *Primula soldanelloides* G.Watt
    5. *Primula glomerata* Pax
- १६५ Specimens को data sorting and cleaning.
- कास्की जिल्लाबाट रुख प्रजातिका २० वटा हर्वेरियम नमुना संकलन गरिएको।
- पश्चिम नेपालको जुम्ला र रोल्पा र पूर्वी नेपालको तीन जुरे मिल्के क्षेत्रबाट *Allium wallichii* को नमुना संकलन गरिएको।

## १६. सूचना प्रकाशन

- प्रचार प्रसार सामग्रीहरु brochure, booklet, लगायतका सामग्री तथा सुचना website मार्फत प्रकाशन तथा वितरण गरिएको।
- कार्यालयका सम्पुर्ण सुचनाहरु Website मा समेत राख्ने गरिएको।

# १७. संगठन संरचना

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग

अनुसूची १४.२.१.१

## राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालाको संगठन संरचना

